# लघुवित्त वित्तीय संस्थाहरुको बार्षिक स्थिति

( आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमास - २०७७ असारमसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)

**नेपाल राष्ट्र बैंक**

**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**

**असोज, २०७७**

# लघुवित्त वित्तीय संस्थाहरुको वार्षिक स्थिति

## लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति


१. **लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति भए पश्चात घट्दो क्रममा रहेतापनि शाखाहरुको संख्यामा भने विस्तारको क्रम जारीनै रहेको छ ।** २०७७ असार मसान्तसम्ममा “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको संख्या ८४ पुगेको छ । ८४ लघुवित्त वित्तीय संस्थाहरु मध्ये आरएमडिसी लघुवित्त, साना किसान विकास लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ८० वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन । अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय संस्थाहरुको संख्या ९० रहेको थियो । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७६ असारको तुलनामा ११.२५ प्रतिशतले वृद्धि भई ३,९४६ पुगेको देखिन्छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या १३.५० प्रतिशतले वृद्धि भई ३११ हजार, सदस्य संख्या ८.२२ प्रतिशतले वृद्धि भई ४६,८७ हजार, ऋणी संख्या ३.८० प्रतिशतले वृद्धि भई २७८३ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा १९,०१७ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७६ असारमसान्तको तुलनामा ९.५३ प्रतिशतले बढी हो (तालिका १)।

**तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति**

| | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| कुल संस्था संख्या | ६५ | ९० | ८४ | ३८.४६ | -६.६७ |
| कुल शाखा संख्या | २,४५० | ३,५४७ | ३,९४६ | ४४.७८ | ११.२५ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | १७३ | २७४ | ३११ | ५८.३८ | १३.५० |
| कुल समूह संख्या (हजारमा) | ५६३ | ९२७ | १,०४० | ६४.६५ | १२.१९ |
| कुल सदस्य संख्या (हजारमा) | २,८५७ | ४,३३१ | ४,६८७ | ५१.५९ | ८.२२ |
| कुल ऋणी संख्या (हजारमा) | १,८५४ | २,६८१ | २,७८३ | ४४.६१ | ३.८० |
| कुल कर्मचारी संख्या | ११,५५७ | १७,३६२ | १९,०१७ | ५०.२३ | ९.५३ |
| राष्ट्रिय स्तरका संस्था* | २८ | ४१ | ४४ | ४६.४३ | ७.३२ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ३७ | ४९ | २५ | ३२.४३ | -४८.९८ |
| प्रादेशिकस्तरका संस्था | | | १५ | | |


**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

चित्र १: लघुवित्त संस्था र शाखा संख्या




२. प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा प्रदेश नं ५ मा रहेको देखिन्छ । २०७७ असार मसान्तसम्ममा उक्त प्रदेशमा लघुवित्त वित्तीय संस्थाका ९१३ वटा शाखाहरु संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेशमा प्रदेश नं २ रहेको छ । सबभन्दा कम कर्णाली प्रदेशमा लघुवित्त वित्तीय संस्थाहरुका १७२ वटा शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## पुँजीकोष

१. **लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन-२०७६ को निर्देशन नं १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी र पुँजीकोष न्युनतम क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने बैधानिक व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १२.२३ प्रतिशत र १३.३० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २५.८७ प्रतिशतले र जोखिम भारित सम्पति १७.२५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पति क्रमश ५२.७२ प्रतिशत र ५२.४५ प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१) *१०० | प्रतिशत परिवर्तन (३-२)/(२) *१०० |
|---|---|---|---|---|---|
| चुक्ता पुँजी | १११८.२५ | १७०७.७८ | २१४९.५३ | ५२.७२ | २५.८७ |
| प्राथमिक पुँजी | १९६४.५५ | २९९४.९६ | ३५११.७३ | ५२.४५ | १७.२५ |
| पुँजी कोष | २१२६.३६ | ३२२२.८९ | ३८२०.५१ | ५१.५७ | १८.५४ |
| जोखिम भारित सम्पत्ति | १५५३३.७७ | २४६७५.७४ | २८७२०.२८ | ५८.८५ | १६.३९ |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१२.६५** | **१२.१४** | **१२.२३** | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.६९** | **१३.०६** | **१३.३०** | | |

## वित्तीय स्रोत संकलन

**४.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले सापटी रकम बढाएका छन् ।**

उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत सापटी मात्र रहेको छ । २०७७ असार मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ३४ अर्ब ३४ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन अघिल्लो आर्थिक वर्ष २०७५/७६ को १८.२० प्रतिशतको वृद्धिको तुलनामा आर्थिक बर्ष २०७६/७७ मा ९.९३ प्रतिशतले बढेको छ । २०७७ असार मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ५.५० गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| (क) निक्षेप | - | - | - | - | - |
| (ख) सापटी | २६४२.४६ | ३,१२३.४५ | ३,४३३.६२ | १८.२० | ९.९३ |
| **कुल वित्तीय स्रोत संकलन** | **२६४२.४६** | **३,१२३.४५** | **३,४३३.६२** | १८.२० | ९.९३ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ४३३.५४ | ५४७.४६ | ६२४.०६ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ६.१० | ५.७१ | ५.५० | | |

४.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले पनि निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७७ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप रू. १ खर्ब ६ अर्ब १५ करोड र सापटी रू. १ खर्ब ७ अर्ब ७६ करोड गरी जम्मा रू. २ खर्ब १३ अर्ब ९१ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा क्रमश ७२.८२ र ५५.४८ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको निक्षेप संकलन र प्राप्त सापटी रकममा क्रमश २३.९६ र १३.१३ प्रतिशतले बढेको छ । २०७७ असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ७.६८ गुणासम्म पुगेको छ (तालिका ४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| (क) निक्षेप | ४९५४.८८ | ८,५६३.१९ | १०,६१५.०२ | ७२.८२ | २३.९६ |
| (ख) सापटी | ६१२५.९१ | ९,५२४.७७ | १०,७७५.६० | ५५.४८ | १३.१३ |
| **कुल वित्तीय स्रोत संकलन** | **१,१०,८०.७९** | **१,८०,८७.९६** | **२१,३९०.६२** | ६३.२४ | १८.२६ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | १३३८.१७ | २१२६.१७ | २,७८३.८३ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **८.२८** | **८.५१** | **७.६८** | | |

## कर्जा तथा सापट

**५.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकममा र निष्कृय कर्जाको अनुपातमा वृद्धि भएको छ ।** थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम अघिल्लो आर्थिक बर्ष २०७५/७६ मा २४.९८ प्रतिशतले बढेकोमा यस आर्थिक बर्ष २०७६/७७ मा ३.१३ प्रतिशतले वृद्धि भई २०७७ असार मसान्तसम्ममा रू. ३७ अर्ब ९४ करोड पुगेको देखिन्छ । आर्थिक बर्ष २०७६/७७ को कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. १५ करोड अर्थात ०.४० प्रतिशत मात्र रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.०४ प्रतिशत र २०७५ असार मसान्तमा यस्तो अनुपात ०.०२ प्रतिशत मात्र रहेको थियो । यस आर्थिक बर्षमा निष्क्रिय कर्जाको वृद्धिदर ८९५.१३ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर २.७५ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षमा क्रमश १२०.०० प्रतिशत र २४.९६ प्रतिशत रहेको थियो(तालिका ४) ।

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण(थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जा | २९४२.८ | ३,६७७.३१ | ३,७७८.५९ | २४.९६ | २.७५ |
| निष्क्रिय कर्जा | ०.७ | १.५४ | १५.३२ | १२०.०० | ८९५.१३ |
| **कुल कर्जा तथा सापट** | **२९,४३.५** | **३६,७८.८५** | **३,७९३.९१** | २४.९८ | ३.१३ |
| निष्क्रिय कर्जा अनुपात | **०.०२** | **०.०४** | **०.४०** | | |

**५.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ** । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम अघिल्लो आर्थिक बर्ष २०७५/७६ मा ७०.२५ प्रतिशतले बढेकोमा यस आर्थिक बर्ष २०७६/७७ मा १३.३२ प्रतिशतले बढी २०७७ असार मसान्तसम्ममा रू. २ खर्ब २४ अर्ब ७९ करोड पुगेको देखिन्छ । आर्थिक बर्ष २०७६/७७ को कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ५ अर्ब २५ करोड अर्थात २.३४ प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात १.१८ प्रतिशत रहेको थियो भने २०७५ असार मसान्तमा यस्तो अनुपात १.१८ प्रतिशत रहेको थियो । यस आर्थिक बर्षमा निष्क्रिय कर्जाको वृद्धिदर १२४.०१ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर १२ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षमा क्रमश ७१.०९ प्रतिशत र ७०.२४ प्रतिशत रहेको थियो (तालिका ६) ।

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण(खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जा | ११५१४.५६ | १९,६०१.९४ | २१,९५३.८९ | ७०.२४ | १२.०० |
| निष्क्रिय कर्जा | १३७.०९ | २३४.५५ | ५२५.४२ | ७१.०९ | १२४.०१ |
| **कुल कर्जा तथा सापट** | **१,१६,५१.६५** | **१,९८,३६.४९** | **२२,४७९.३१** | ७०.२५ | १३.३२ |
| निष्क्रिय कर्जा अनुपात | **१.१८** | **१.१८** | **२.३४** | | |

६. **समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जाको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७७ असार मसान्तमा रु. २ खर्ब ६२ अर्ब ७३ करोड मध्ये रु. १ खर्ब १० अर्ब ७८ करोड अर्थात ४२.१६ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७६ असार मसान्तमा कृषि क्षेत्रमा रु. ९३ अर्ब ९२ करोड अर्थात ३९.९४ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७६/७७ मा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा २.८८ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३३.७६ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ (तालिका ७)।

**तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

**(रु. करोडमा)**

| कर्जा विवरण | २०७६ असार ( रु. करोडमा ) | २०७६ असार ( प्रतिशत ) | २०७७ असार ( रु. करोडमा ) | २०७७ असार ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | ९३९२.२७ | ३९.९४ | ११०७७.९७ | ४२.१६ |
| घरेलु तथा लघु उद्योग | ८४४.०५ | ३.५९ | ७५५.५८ | २.८८ |
| सेवा व्यावसाय | ७७३५.९४ | ३२.९० | ८८६९.४७ | ३३.७६ |
| थोक कर्जा | ३६७८.८५ | १५.६४ | ३७९३.९१ | १४.४४ |
| अन्य | १८६४.२३ | ७.९३ | १७७६.२९ | ६.७६ |
| **जम्मा** | **२३५१५.३४** | **१००.००** | **२६२७३.२३** | **१००.००** |

७.१ **समीक्षा अवधिमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा उल्लेख्य वृद्धि भएको छ ।** आर्थिक वर्ष २०७६/७७ मा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा ५४.९० प्रतिशतले बढेर रू. ७३ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १४ करोड (१९.७२ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम २२.८० प्रतिशतले मात्र बढेको थियो(तालिका ८)।

**तालिका ८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | २९.४३ | ४५.६७ | ५८.५९ | ५५.१८ | २८.२८ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ८.९४ | १.४५ | १४.४० | -८३.७८ | ८९३.३८ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३८.३७** | **४७.१२** | **७२.९९** | २२.८० | ५४.९० |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | १.३० | १.२८ | १.९२ | | |

७.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको समीक्षा अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** आर्थिक वर्ष २०७६/७७ मा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा ९५.०४ प्रतिशतले बढेर रू. ६ अर्ब ९१ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. ३ अर्ब ८ करोड (४४.५७ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ७६.३१ प्रतिशतले मात्र बढेको थियो (तालिका ९)।

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १०७.३४ | १८३.७३ | ३८२.७५ | ७१.१७ | १०८.३२ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ९३.४७ | १७०.३१ | ३०७.७८ | ८२.२१ | ८०.७२ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **२००.८१** | **३५४.०४** | **६९०.५३** | ७६.३१ | ९५.०४ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)** | **१.७२** | **१.७८** | **३.०७** | | |

८. **समीक्षा अवधिमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा धितो कर्जाको अंश बढेको छ भने लघु व्यवसाय कर्जाको अंशमा सामान्य ह्रास आएको छ ।** २०७७ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १८.५३ प्रतिशत रहेको छ भने उक्त अनुपात अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा १६.७० प्रतिशत मात्र रहेको थियो । लघु व्यवसाय कर्जाको अंश २०७६ असार मसान्तमा ७७.१७ प्रतिशत रहेकोमा २०७७ असारमा ७५.८२ प्रतिशत रहेको छ (तालिका १०)।

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| धितो कर्जा | १६७६.१२ | ३३१३.४२ | ४१६४.४३ | ९७.६८ | २५.६८ |
| लघु व्यवसाय कर्जा | ९३२५.२३ | १५३०७.५६ | १७०४२.७४ | ६४.१५ | ११.३४ |
| अन्य कर्जा | ६५०.३० | १२१५.५१ | १२७२.१४ | ८६.९२ | ४.६६ |
| कुल कर्जा तथा सापट प्रदान | ११६५१.६५ | १९८३६.४९ | २२४७९.३१ | ७०.२५ | १३.३२ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१४.३९** | **१६.७०** | **१८.५३** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **८०.०३** | **७७.१७** | **७५.८२** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **५.५८** | **६.१३** | **५.६६** | | |

## लगानी

९. **समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरूले लगानीमा पनि उल्लेख्य वृद्धि गरेका छन् ।** २०७७ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. १० अर्ब २० करोड पुगेको छ, जुन २०७६ असारको तुलनामा २९६.२९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल लगानी ३.१४ प्रतिशतले मात्र बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले यस आर्थिक बर्षमा सरकारी सुरक्षण पत्र र मुद्धत्ती निक्षेपमा ठूलो दरले लगानी बढाएका छन् । लगानीको प्रमुख अंशको रुपमा रहेको मुद्धती निक्षेपमा लघुवित्त वित्तीय संस्थाहरूले २०७७ असारसम्म रु. ९ अर्ब ४४ करोड राखेका छन् जुन रकम २०७६ असारको तुलनामा ५२४.५५ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा मुद्धती निक्षेपमा राखेको रकम १९.९१ प्रतिशतले घटेको थियो (तालिका ११) ।

**तालिका ११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सरकारी सुरक्षणपत्र | ३.८७ | ३०.९९ | ४६.५६ | ७००.७८ | ५०.२३ |
| शेयर तथा डिवेन्चर | १०.१६ | २४.९९ | २४.२१ | १४५.९६ | -३.१० |
| मुद्वती निक्षेप | १८८.६७ | १५१.११ | ९४३.७६ | -१९.९१ | ५२४.५५ |
| अन्य लगानी | ४६.८४ | ५०.२८ | ५.४१ | ७.३४ | -८९.२५ |
| **जम्मा लगानी** | **२४९.५४** | **२५७.३७** | **१०१९.९४** | ३.१४ | २९६.२९ |

## जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

१०. **लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति दुवै उल्लेख्य दरले बढेको छ ।** २०७७ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ३ खर्व १७ अर्ब ५२ करोड पुगेको छ । यो २०७६ असार मसान्तको रु. २ खर्ब ६९ अर्ब ५ करोडको तुलनामा १८.०१ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल सम्पत्ति ५५.३२ प्रतिशतले बढेको थियो । २०७७ असार मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९०.४५ प्रतिशत रहेको छ जुन २०७६ असार मसान्तमा ९१.७१ प्रतिशत रहेको थियो । (तालिका १२)।

**तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| कुल सम्पत्ति | १७३२१.८४ | २६९०५.०७ | ३१७५१.८८ | ५५.३२ | १८.०१ |
| जोखिम भारित सम्पत्ति | १५५३३.७७ | २४६७५.७४ | २८७२०.२८ | ५८.८५ | १६.३९ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **८९.६८** | **९१.७१** | **९०.४५** | | |

## मुनाफा स्थिति

**११.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा सामान्य वृद्धि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ मा ब्याज आम्दानी रु. ४ अर्ब ५३ करोड र ब्याज खर्च रु. २ अर्ब ५३ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. १ अर्ब ५ करोड खुद मुनाफा आर्जन गरेका छन् । अघिल्लो आर्थिक बर्षमा खुद मुनाफा रु. १ अर्ब २ करोड रहेको थियो । (तालिका १३) ।

**तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| ब्याज आम्दानी | ४१८.७८ | ५२७.८० | ४५२.८९ | २६.०३ | -१४.१९ |
| ब्याज खर्च | २७८.२६ | ३५४.१८ | २५२.५७ | २७.२८ | -२८.६९ |
| संचालन आम्दानी | १२२.४७ | १८६.३७ | २१०.८२ | ५२.१८ | १३.१२ |
| खुद नाफा/नोक्सान | ७९.८१ | १०२.०६ | १०५.२६ | २७.८८ | ३.१३ |

**११.२ समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानीमा वृद्धि भएतापनि खुद नाफामा भने अघिल्लो आर्थिक वर्षको तुलनामा ह्रास आएको छ ।** खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ मा ब्याज आम्दानी रु. ३६ अर्ब ६४ करोड र ब्याज खर्च रु. १९ अर्ब ३४ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. ४ अर्ब २९ करोड खुद मुनाफा आर्जन गरेका छन् । अघिल्लो आर्थिक बर्षमा खुद मुनाफा ५ अर्ब ४३ करोड रहेको थियो ।( तालिका १४)। यस अवधिमा सञ्चालित ८० खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ९ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

२०७७ असार मसान्तमा महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि., स्मार्ट लघुवित्त वित्तीय संस्था लि., वीन लघुवित्त वित्तीय संस्था लि., स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.,जनकपुर लघुवित्त वित्तीय संस्था लि., विपिडब्लु लघुवित्त वित्तीय संस्था लि., शालिग्राम लघुवित्त वित्तीय संस्था लि., अभियान लघुवित्त वित्तीय संस्था लि. र देउराली लघुवित्त वित्तीय संस्था लि. खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| ब्याज आम्दानी | १८०६.७१ | २७६४.९३ | ३६६३.७७ | ५३.०४ | ३२.५१ |
| ब्याज खर्च | ८९९.८२ | १४२०.७७ | १९३४.१६ | ५७.८९ | ३६.१३ |
| संचालन आम्दानी | ४५३.२ | १८११.९४ | २१६३.३४ | २९९.८१ | १९.३९ |
| खुद नाफा/नोक्सान | ३१०.७५ | ५४२.६७ | ४२९.४६ | ७४.६३ | -२०.८६ |

## तरलता स्थिति

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पतिमा बृद्धि भएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७७ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७६ असारको तुलनामा ११.११ प्रतिशतले बृद्धि भई रु. ६ अर्ब ५३ करोड पुगेको छ ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१) *१०० | प्रतिशत परिवर्तन (३-२)/(२) *१०० |
|---|---|---|---|---|---|
| नगद | २.५ | २.७१ | ३.७६ | ८.४० | ३८.६१ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४१.३५ | ७६.९४ | ८४.३८ | ८६.०७ | ९.६७ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ३९६.२३ | ४७७.४० | ५१८.७० | २०.४९ | ८.६५ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३.८७ | ३०.९९ | ४६.५६ | ७००.७८ | ५०.२३ |
| **कुल तरल सम्पत्ति** | **४४३.९५** | **५८८.०४** | **६५३.३९** | ३२.४६ | ११.११ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | १८८३.७० | २,४१८.५१ | ३,०८९.९० | २८.३९ | २७.७६ |
| कुल सापटी (अघिल्लो त्रयमास) | १०२०.५८ | १,१७२.८९ | १,१५०.९४ | १४.९२ | -१.८७ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२३.६** | **२४.३१** | **२१.१५** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **४३.५०** | **१६.३७** | **१५.४१** | | |
| वैधानिक तरलता अनुपात | | **४.३०** | **४.३१** | | |
| अनिवार्य मौज्दात अनुपात | | **२.५५** | **२.७१** | | |

२०७७ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात २१.१५ प्रतिशत रहेको छ । २०७५ असार र २०७६ असार मसान्तमा यस्तो अनुपात क्रमशः २३.६० प्रतिशत र २४.३१ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ असार महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.३१ प्रतिशत र २.७१ प्रतिशत रहेको छ (तालिका १५)। समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको दर भित्रै रहेको छ ।

१२.२ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा उल्लेख्य वृद्धि भएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ असार मसान्तमा तरल सम्पत्ति २०७६ असारको तुलनामा ७६.९९ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ३१ करोड पुगेको छ । २०७७ असार मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ३३.२४ प्रतिशत रहेको छ । समीक्षा

अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा बित्तीय संस्था मौज्दात बढाएको कारण कुल तरल सम्पतिमा उच्च वृद्धि देखिन्छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ असार महिनाको अनिवार्य मौज्दात अनुपात औषतमा ०.७८ प्रतिशत रहेको छ (तालिका १६) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भित्रै रहेको छ ।

**तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७६ असार (२) | २०७७ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| नगद | १२.२४ | १८.६९ | ३४.१९ | ५२.७० | ८२.९४ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ३१.९६ | ४६.०३ | ५५.११ | ४४.०२ | १९.७४ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ११५४.०४ | १,३०८.९२ | २,३४१.८४ | १३.४२ | ७८.९१ |
| सरकारी सुरक्षणपत्रमा लगानी | | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | ११९८.२४ | १३७३.६४ | २४३१.१४ | १४.६४ | ७६.९९ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २६०८.३३ | ५,३२१.९२ | ७,३१४.०० | १०४.०४ | ३७.४३ |
| कुल सापटी (अघिल्लो त्रयमास) | ६९१३.४८ | १०,६६५.४५ | १३,३५६.५७ | ५४.२७ | २५.२३ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | ४५.९४ | २५.८१ | ३३.२४ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | १७.३३ | ८.५९ | ११.७६ | | |
| अनिवार्य मौज्दात अनुपात | | ०.६७ | ०.७८ | | |

## १३. कोभिड–१९ को लघुवित्त संस्थाहरुमा परेको प्रभाव

विश्वव्यापि महामारीको रुपमा रहेको कोभिड–१९ को संक्रमणका कारण विश्व अर्थतन्त्रनै प्रभावित बनेको छ । उक्त महामारीबाट नेपालका लघुवित्त संस्थाहरुको सापटी, कुल तरल सम्पत्ति, नाफा नोक्सान हिसाब, असुल गर्न बाँकी व्याज रकम बढी प्रभावित रहेको देखिन्छ । लघुवित्त संस्थाहरुको निक्षेप संकलन २०७६ फागुनमा रु. १ खर्ब २ अर्ब ८ करोड रहेकोमा २०७७ असार मसान्तसम्म रु. १ खर्ब ६ अर्ब १५ करोड पुगेको देखिन्छ । लघुवित्त संस्थाहरुको सापटी प्राप्त रकम २०७६ फागुन मसान्तमा रु. १ खर्ब ४२ अर्ब ८३ करोड रहेकोमा २०७६ चैत मसान्तमा उक्त रकम १.५७ प्रतिशतले वृद्धि भएता पनि २०७६ चैत्रको तुलनामा २०७७ बैशाखमा ३.९६ प्रतिशतले कमी भएको देखिन्छ । त्यस्तै २०७७ बैशाखको तुलनामा २०७७ जेठमा ४.७५ प्रतिशतले कमी रहेको कुल सापटी

रकम २०७७ असार मसान्तमा भने २०७७ जेठको तुलनामा ७.०७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४२ अर्ब ९ करोड पुगेको देखिन्छ ।

लघुवित्त संस्थाहरुको कुल कर्जा तथा सापटी रकम २०७६ फागुन मसान्तमा रु. २ खर्ब ६६ अर्ब ६३ करोड रहेकोमा २०७७ असार मसान्तमा उक्त रकम रु.३ अर्ब ९० करोडले कमी भई रु. २ खर्ब ६२ अर्ब ७३ करोड पुगेको देखिन्छ । लघुवित्त संस्थाहरुको कुल तरल सम्पत्ति र असुल गर्न बाँकी ब्याज रकम भने उल्लेख्य वृद्धि भएको देखिन्छ, २०७६ फागुन मसान्तमा कुल तरल सम्पत्ति र असुल गर्न बाँकी ब्याज रकम क्रमशः रु. ३२ अर्ब ६८ करोड र रु. २ अर्ब ६३ करोड रहेकोमा २०७७ असार मसान्तमा भने क्रमश रु. ४० अर्ब २९ करोड र रु. ४ अर्ब ४ करोड पुगेको देखिन्छ ।

लघुवित्त संस्थाहरुको खुद नाफा २०७६ फागुन मसान्तमा रु. ५ अर्ब ५२ करोड रहेकोमा २०७७ असार मसान्तमा भने रु. ५ अर्ब ३५ करोड मात्र रहेको देखिन्छ । २०७६ फागुन मसान्तमा १३ लघुवित्त संस्थाहरु खुद नोक्सानीमा रहेकोमा २०७७ जेठ मसान्तमा उक्त संख्या वृद्धि भई  २७ पुगेको थियो तर २०७७ असार मसान्तमा भने खुद नोक्सानीमा रहेका लघुवित्त संस्थाहरुको संख्या ९ मात्र रहेको छ ( तालिका १७)।

**तालिका १७: लघुवित्त संस्थाहरुको प्रमुख वित्तीय स्थिति विवरण (मासिक)**

| | (रकम रु. करोडमा) | | | | | फरक प्रतिशत (%) | फरक ( % ) | फरक ( % ) | फरक ( % ) |
|---|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | २०७६ फागुन | २०७६ चैत | २०७७ बैशाख | २०७७ जेठ | २०७७ असार | **चैत–फागुन** | **बैशाख–चैत** | **जेठ–बैशाख** | **असार–जेठ** |
| **निक्षेप** | १०२०७.७९ | १०४०३.९ | १०३७८.६१ | १०४०३.४० | १०६१५.०२ | १.९२ | –०.२४ | ०.२४ | २.०३ |
| **सापटी** | १४२८३.२७ | १४५०७.५१ | १३९३२.५८ | १३२७०.५८ | १४२०९.२३ | १.५७ | –३.९६ | –४.७५ | ७.०७ |
| **कूल तरल सम्पत्ति** | **३२६८.२३** | **३४४९.८९** | **२९९३.८२** | **२७६५.२५** | **४०२८.५०** | **५.५६** | **–१३.२२** | **–७.६३** | ४५.६८ |
| क. नगद मौज्दात | ३२.०३ | ३७.७७ | ३४.५३ | ४१.१७ | ३७.९५ | १७.९२ | –८.५८ | १९.२३ | –७.८२ |
| ख. बैंक मौज्दात | १२९३.४६ | १३१४.७२ | ११९४.६८ | ११५८.५१ | १६८७.२९ | १.६४ | –९.१३ | –३.०३ | ४५.६४ |
| ग. मागेको बखत प्राप्त हुने रकम | ८६३.७५ | १०७७.७५ | ८००.५६ | ६९३.८८ | १३१२.७४ | २४.७८ | –२५.७२ | –१३.३३ | ८९.१९ |
| घ. ऋणपत्रमा लगानी | ३५.९४ | ३५.९४ | ४२.८४ | ३८.९२ | ४६.७६ | ०.०० | १९.२० | –९.१५ | २०.१४ |
| ङ. मुद्दती निक्षेपमा गरेको लगानी | १०४३.०५ | ९८३.७१ | ९२१.२१ | ८३२.७७ | ९४३.७६ | –५.६९ | –६.३५ | –९.६० | १३.३३ |
| **कूल कर्जा तथा सापट** | **२६६६३.०८** | **२६६९८.२४** | **२६५४०.८६** | **२६२३३.७४** | **२६२७३.२२** | **०.१३** | **–०.५९** | **–१.१६** | ०.१५ |
| क. संस्थागत | ३९०४.६५ | ३९२८.४२ | ३८५१.६० | ३७४६.६३ | ३७९३.९१ | ०.६१ | –१.९६ | –२.७३ | १.२६ |
| ख. व्यक्तिगत | २२७५८.४३ | २२७६९.८२ | २२६८९.२६ | २२४८७.११ | २२४७९.३१ | ०.०५ | –०.३५ | –०.८९ | –०.०३ |
| **असुल गर्न बाँकी ब्याज** | **२६३.०६** | **४३६.६७** | **७१६.३३** | **८६७.९४** | **४०३.९१** | **६६.००** | **६४.०४** | **२१.१६** | –५३.४६ |
| **नाफा/नोक्सान** | **५५२.४३** | **४८२.३९** | **३४५.३२** | **३१९.०७** | **५३४.७२** | **–१२.६८** | **–२८.४१** | **–७.६०** | ६७.५९ |
| **नोक्सानमा रहेका संस्था संख्या** | **१३** | **१५** | **२६** | **२७** | **९** | **१५.३८** | **७३.३३** | **३.८५** | –६६.६७ |